# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

सिभिल बैंक लिमिटेडको सहायक कम्पनी

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं: ९७७-१-४५९८३३३, ४५९८३३४
ईमेल : info@civillaghubitta.com.np
वेबसाईट : www.civillaghubitta.com.np


च. नं. ३६६ /२०७८/७९

मिति : २०७८/०७/०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय : दसौं वार्षिक साधारण सभा प्रयोजनको लागि सेयर दाखिल खारेज बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा, यस कम्पनीको मिति २०७८/०७/०४ गते बिहीवार साँझ ५:०० बजे बसेको सञ्चालक समितिको १८१ औं बैठकले कम्पनीको दसौं साधारण सभा मिति २०७८/०७/२८ गते आइतवार बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर काठमाडौंमा बस्ने निर्णय गरेको व्यहोरा अनुरोध गर्दै दसौं वार्षिक साधारण सभा प्रयोजनको लागि हाल कायम सेयरधनीहरुलाई सेयर दाखिल खारेज सम्बन्धी निम्नानुसारको विवरण जानकारीको लागि अनुरोध गर्दछौं ।

| विषय | अंकमा | अक्षरमा | रकम रु. |
|---|---|---|---|
| नगद लाभांस प्रतिशत | १ (एक) प्रतिशत (बोनस सेयरको कर प्रयोजनको लागि) | चौबिस लाख एक्काइस हजार दुई सय तेह्र रुपैयाँ र पैसा असी । | २४,२१,२१३/८० |
| बोनस सेयर प्रतिशत | १९ (उन्नाईस) प्रतिशत | चार करोड साठी लाख तीन हजार बैसट्ठी रुपैयाँ र पैसा दस । | ४,६०,०३,०६२/१० |
| **जम्मा** | **२० (बीस) प्रतिशत** | **चार करोड चौरासी लाख चौबिस हजार दुई सय पचहत्तर रुपैयाँ र पैसा नब्बे ।** | **४,८४,२४,२७५/९०** |
| हकप्रद सेयर प्रतिशत | - | - | - |

**दसौं साधारण सभा प्रयोजनको लागि**

**सेयर दाखिल खारेज मिति (Book close date)** : २०७८/०७/१४ गते ।

**हालको चुक्ता पूँजी** : रु. २४,२१,२१,३७९/५०

**दसौं वार्षिक साधारण सभाको मिति** : २०७८/०७/२८ गते आइतवार बिहान ११:०० बजे ।

***संलग्न :*** दसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना यही मिति २०७८/०७/०५ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिने व्यहोरा अनुरोध गर्दछौं । साथै, प्रकाशन गरिने सूचनाको नमूना यसै पत्रसाथ **संलग्न** रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

भवदीय,

CL3SL
CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

देवकर कार्की
**कम्पनी सचिव**

कम्पनी सचिव

**बोधार्थ :** श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री सिभिल क्यापिटल मार्केट लि., सुन्धारा, काठमाडौं ।

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

सिभिल बैंक लिमिटेडको सहायक कम्पनी

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं.: ९७७-१-४५९८३३३, ४५९८३३४
ईमेल : info@civillaghubitta.com.np
वेवसाईट : www.civillaghubitta.com.np


## दसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७८/०७/०५ गते)

श्री आदरणीय सेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८/०७/०४ (तदनुसार २१ अक्टोबर-२०२१) गते बिहीवारको दिन बसेको १८१औं बैठकको निर्णय बमोजिम कम्पनीको दसौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा 'कम्पनी ऐन २०६३' को दफा-६७ (२) अनुसार सेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा बस्ने मिति, समय र स्थान :**

**मिति : २०७८ साल कार्तिक २८ गते आइतवार (तदनुसार १४ नोभेम्बर २०२१) ।**

**समय : विहान ११:०० बजे ।**

**स्थान : बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं ।**

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात, मिति २०७७/०४/०१ गते देखि २०७८ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २४,२१,२१,३७९/५० को १ प्रतिशतको दरले रु. २४,२१,२१३/८० (अक्षरेपी चौबिस लाख एक्काइस हजार दुई सय तेह्र रुपैयाँ र पैसा असी मात्र) बराबर नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार आर्थिक वर्ष २०७८/७९ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री आर.के. एसोसियट्स, चार्टड एकाउन्टेन्टस् पूनः नियुक्तीका लागि योग्य हुनुहुन्छ)

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २४,२१,२१,३७९/५० को १९ प्रतिशतले हुन आउने रकम रु. ४,६०,०३,०६२/१० (अक्षरेपी चार करोड साठी लाख तीन हजार बैसट्ठी रुपैयाँ र पैसा दस मात्र) बराबरको बोनस सेयर जारी गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको नियम ३२ (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### दसौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :

१. दसौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८/०७/१४ गते सेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८/०७/१४ गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई प्रचलित कानुन बमोजिम नामसारीको लागि यस वित्तीय संस्थाको सेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, काठमाडौंमा पेश गरी सक्नुपर्नेछ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक सेयरधनी महानुभावहरुले सेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ।

३. वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन सम्बन्धी विवरण, प्रोक्सी तथा कागजातहरु सबै सेयरधनी महानुभावहरुको लागि यस संस्थाको वेबसाइट www.civillaghubitta.com.np बाट हेर्न र प्राप्त गर्न सकिनेछ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले सम्पूर्ण सेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगावै दर्ता गरी सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको सेयरधनी हुनु अनिवार्य छ।

५. कुनै सेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ। त्यसपछि आउने प्रोक्सी स्वतः बदर वा अमान्य हुनेछ।

६. कुनै संगठित संस्था वा कम्पनीले सेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

७. विक्षीप्त सेयरधनीको तर्फबाट यस कम्पनीको सेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन्।

८. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिरी पुस्तिका बिहान ९:३० बजेदेखि सभा सञ्चालन हुञ्जेलसम्मको लागि खुल्ला रहनेछ।

९. सेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ।

१०. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न ईच्छुक सेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन।

११. सेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनु हुन अनुरोध गरिन्छ। सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ।

१२. अन्य जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय चावहिल, काठमाडौं (फोन नं. ०१-४५९८३३३/४५९८३३४) मा सम्पर्क राख्नुहुन अनुरोध छ।

**विशेष अनुरोध:** कोभिड-१९ को असर कायम रहेको अवस्थामा हुन सक्ने सम्भावित असरहरुलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनि तोकेका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने भएकोले वार्षिक साधारण सभामा उपस्थित हुन चाहने सेयरधनी महानुभावहरुले अनिवार्य रुपमा तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु स्वयं आफैंले पालना गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ।

— समृद्धिको सहयात्री —




CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD